# लुम्बिनी विकास कोष




cf=j= 2077/078 को k|yd rf}dfl;s k|ult ;ldIffsf nflu

dGqfno:t/Lo ljsf; ;d:of ;dfwfg ;ldltsf] a}&s

17 d+l;/ 2077

LUMBINI DEVELOPMENT TRUST-1985 NEPAL

लुम्बिनी विकास कोष-२०४२

**Lumbini: The Birthplace of Lord Buddha**

inscribed on the World Heritage List in 1997

# आयोजनाको संक्षिप्त जानकारी

भगवान बुद्धको पवित्र जन्मस्थल लुम्बिनीको विकास गर्ने लक्ष्य र आदर्शलाई बढी प्रभावकारी बनाउने नेपाल सरकारको कटिबद्धतालाई विश्व जनसमक्ष प्रस्तुत गर्न र सो अनुरुप लुम्बिनी विकास योजनालाई बढी समन्वयात्मक र सुचारुरुपले संचालन गर्न तथा बुद्धको जीवनसँग प्रत्यक्ष वा परोक्षरुपमा सम्बन्ध रहन गएका तिलौराकोट (प्राचीन कपिलवस्तु), गोटीहवा, निग्लीहवा, सगरहवा, सिसनियाकोट, कुदान (कपिलवस्तु), देवदह (रुपन्देही), रामग्राम (नवलपरासी) पुरातात्विक क्षेत्रको अन्वेषण, उत्खनन्, संरक्षण तथा विकास गर्न लुम्बिनी विकास कोष ऐन, २०४२ द्वारा लुम्बिनी विकास कोष गठन भएको हो ।

# १.आ.व. २०७७/७८ को स्वीकृत वार्षिक बजेट र खर्चको स्थिति :

वार्षिक स्वीकृत बजेट : रु. १ अर्व

**प्रथम चौमासिक अवधिसम्मको निकासा :** १० करोड ७६ लाख ६० हजार

(पूँजीगत : 10 करोड 43 लाख, 30 हजार, चालु : ३३ लाख, ३० हजार)

**प्रथम चौमासिक अवधिसम्मको खर्च :** ९ करोड १७ लाख ३६ हजार

(पूँजीगत खर्च : 8 करोड 76 लाख 61 हजार, चालु खर्च : 40 लाख, 75 हजार)

वित्तिय प्रगति प्रतिशत : ८५.२१ प्रतिशत

भौतिक प्रगति प्रतिशत : ९५ प्रतिशत

# २. कार्यक्रम तथा आयोजनाहरुको आ.ब. २०७७/७८ को पहिलो चौमासिक लक्ष्य र प्रगतिका अतिरिक्त हालसम्मको समष्टिगत (Cumulative) प्रगति (भौतिक र वित्तिय स्पष्ट खुल्नेगरी) :

## आयोजनाको हालसम्मको समष्टीगत प्रगति

| आयोजनाको कूल बजेट (करोडमा) | हालसम्मको समष्टिगत भौतिक प्रगति (प्रतिशतमा) | हालसम्मको समष्टिगत वित्तिय प्रगति | | आ.ब. ०७७/७८ को कूल बजेट (करोडमा) | आ.ब. ०७७/७८ को प्रथम चौमासिक सम्मको भौतिक प्रगति (प्रतिशतमा) | आ.ब. ०७७/७८ को प्रथम चौमासिकसम्मको कूल वित्तिय प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | रकम (करोड मा) | प्रतिशत | | | रकम (करोडमा) | प्रतिशत |
| ७५० | ८५ | ५४५ | ७३.८६ | १०० | ९५ | ९.१७ | ८५.२१ |

# ३. आ.ब. २०७७/७८ को नेपाल सरकारको वार्षिक नीति कार्यक्रम र बजेट बक्तव्यको कार्यान्वयन कार्ययोजनाको प्रगति :

| नीति तथा कार्यक्रमको व्यहोरा | बजेटको व्यहोरा | क्रियाकलाप | समयावधि | प्रगति (कार्तिक महिनासम्मको) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| लुम्विनीमा निर्माणा धीन ५ हजार व्यक्ति क्षमताको ध्यान केन्द्र तथा सभाहलको निर्माण सम्पन्न गरी सञ्चालन गरिनेछ । लुम्बिनी क्षेत्र विस्तार गर्न बृहत्तर लुम्बिनी अवधारणा कार्यान्वयन मा ल्याइनेछ। रामग्राम गुरुयोजना कार्यन्वयन गरिनेछ। तिलौराकोट लाई विश्व सम्पदा सूचीमा राख्ने प्रकृया अघि बढाइनेछ।(१६९) | जीवन्त इतिहासको रूपमा रहेको पुरातात्विक महत्वका ऐतिहासिक धरोहरको संरक्षण, सम्वद्धर्न र विकास गरिनेछ (१७९) | **क्रियाकलाप १ पुरातात्विक संरक्षण आयोजना संचालन गर्ने** | | | |
| | | **माइलस्टोन १** कपिलबस्तु तिलौराकोट क्षेत्रको जग्गा प्राप्ति | चैत्र | | पुरातत्व विभाग |
| | | **माइलस्टोन २** ४२ वटा निरन्तर कार्यक्रम मध्ये ३५ वटा सम्पन्न भएको हुने )वटा( | पुस, चैत्र र असार | | |
| | | **क्रियाकलाप २** लुम्विनीमा निर्माणाधीन ५ हजार व्यक्ति क्षमताको ध्यान केन्द्र तथा सभाहलको निर्माण सम्पन्न | | | |
| | | **माइलस्टोन १** ध्यान केन्द्र तथा सभाहलको प्रथम चरणको निर्माण सम्पन्न | कार्तिक | पहिलो फेजको निर्माण कार्यको प्रगति ९८ प्रतिशत हासिल भएको छ । कोभिड १९ का कारण फल्ससिलिङ्गको सामान चाइनाबाट नेपाल ल्याउन समस्या भएको तोकिएको समयावधिमा सम्पन्न हुने नदेखिएको हुँदा फाल्गुण १५ सम्म म्याद थप गरिएको र हाल समान आई कार्य सुचारु रहेको । | लुम्विनी विकास कोष |

“लुम्बिनी, नेपाल: भगवान बुद्धको जन्मस्थल, बौद्ध धर्मको उद्गम भूमी तथा विश्व शान्तिको मुहान”

| नीति तथा कार्यक्रमको व्यहोरा | बजेटको व्यहोरा | क्रियाकलाप | समयावधि | प्रगति (कार्तिक महिनासम्मको) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| लुम्विनीमा निर्माणाधीन ५ हजार व्यक्ति क्षमताको ध्यान केन्द्र तथा सभाहलको निर्माण सम्पन्न गरी सञ्चालन गरिनेछ । लुम्बिनी क्षेत्र विस्तार गर्न बृहत्तर लुम्बिनी अवधारणा कार्यान्वयनमा ल्याइनेछ। रामग्राम गुरुयोजना कार्यन्वयन गरिनेछ। तिलौराकोटलाई विश्व सम्पदा सूचीमा राख्ने प्रकृया अघि बढाइनेछ। (१६९) | जीवन्तइतिहासको रूपमा रहेको पुरातात्विक महत्वका ऐतिहासिक धरोहरको संरक्षण, सम्वद्धर्न र विकास गरिनेछ । (१७९) | **माइलस्टोन २** दोश्रो चरणको निर्माण कार्य शुरु | मंसिर | दोस्रो फेजको बोलपत्र सम्पन्न भई प्राविधक प्रस्तावहरको मूल्याङ्कन भइरहेको । | |
| | | **क्रियाकलाप ३** बृहत्तर लुम्बिनी अवधारणा कार्यान्वयन | | | |
| | | **माइलस्टोन १** बृहत्तर लुम्बिनी अवधारणा बमोजिमको बृहत्तर लुम्बिनी गुरुयोजना तयार | फागुन | बृहत्तर लुम्बिनी क्षेत्र विकास योजना समिति गठन गरेको छ ।उक्त समितिले बृहत्तर लुम्बिनी क्षेत्रको गुरुयोजनालाई बैज्ञानिक, वस्तुनिष्ठ एवम् यथार्थपरक बनाउने गरी ६ महिनाभित्र अध्ययन प्रतिवेदन पेश गर्नेछ । तत्पश्चात बृहत्तर लुम्बिनी क्षेत्रको गुरुयोजना निर्माण कार्य शुरु हुनेछ । | लुम्विनी विकास कोष |
| | | **माइलस्टोन २** बृहत्तर लुम्बिनी अवधारणा बमोजिमको बृहत्तर लुम्बिनी गुरुयोजना कार्यान्वयन शुरु | बैशाख | | |
| | | **क्रियाकलाप ४** तिलौराकोटलाई विश्व सम्पदा सूचीमा राख्ने प्रकृया अघि बढाइने | | पुरातत्व विभागसँगको सहकार्यमा सम्बन्धित विज्ञहरुद्वारा नोमिनेशन डोसेर तयार गरिने हुँदा विभागसँग सहकार्यको लागि समन्वय भइरहेको | |
| | | **माइलस्टोन १** नक्शाङ्कन गर्ने र संरक्षित स्मारक क्षेत्र घोषणा | जेष्ठ | | पुरातत्व विभाग |

## ४. कार्यक्रम तथा आयोजनाहरुको संख्यात्मक विवरण (पहिलो चौमासिक प्रगति विवरण) :

### पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु :

| क.सं. | कार्यक्रम | बजेट | प्रगती |
|---|---|---|---|
| १ | लुम्बिनी विकास कोषभित्र 5000 मानिस अट्ने हल तथा ध्यान साधना केन्द्र भवन निर्माणको पहिलो फेज निर्माण सम्पन्न गरी दोस्रो फेजको निर्माण कार्य शुरु गर्ने (भवन निर्माण) | १५०००० | पहिलो फेजको निर्माण कार्यको प्रगति ९८ % सिल भएको छ । दोस्रो फेजको बोलपत्र सम्पन्न भई प्राविधिक प्रस्तावहरुको मूल्याङ्कन भइरहेको । |
| २ | विभिन्न विरुवा तथा फुलहरु उत्पादनका नर्सरी विकास र विस्तार सम्बन्धी (वन तथा वातावरण संरक्षण निर्माण) | ३००० | नियमित विरुवाहरु उत्पादनको कार्य भइरहेको । |
| ३ | लुम्बिनी गुरुयोजनाका बाँकी कार्यहरु, भवन, स्युरेज, ड्रेनेज, सडक, रिभर डाइभर्सन, ल्याण्डस्केप एण्ड व्युटिफिकेशन, नहर लगायतका कार्यहरु सम्पन्न गर्ने (अन्य सार्वजनिक निर्माण) | ४९१००० | परामर्शदाताबाट बाँकी कार्यहरुको डिटेल ड्रइङ्ग, डिजाइन तथा लागत अनुमान प्राप्त भएको, बोलपत्र कागजातहरु तयार भइरहेको । |
| ४ | लुम्बिनी गुरुयोजना अनुसारको पवित्र उद्यानमा रहेका गोलाई पोखरी तथा सर्कुलर लेभीमा योजना अनुसारका निर्माण कार्य सम्पन्न गर्ने । (अन्य सार्वजनिक निर्माण) | ५०००० | बोलपत्र आव्हान भएको । |
| ५ | बृहत्तर लुम्बिनी क्षेत्रभित्र रहेका पुरातात्विक सम्पदास्थलहरुमा एकरुपता आउने गरी गुणस्तरीय | ५००० | लागत अनुमान तयार भइरहेको । |

| क.सं. | कार्यक्रम | बजेट | प्रगती |
|---|---|---|---|
| ७ | गोटीहवा क्षेत्र संरक्षण, ल्याण्डस्केपिङ्ग, सौंदर्यकरण, शौचालय निर्माण लगायत पर्यटकीय सेवा सुविधा विस्तार (अन्य सार्वजनिक निर्माण) | १०००० | लागत अनुमान तयार भइरहेको । |
| ८ | तिलौराकोट/धम्नीहवा स्तुप संरक्षण/सेड निर्माण कार्य (अन्य सार्वजनिक निर्माण) | ४००० | लागत अनुमान तयार भइरहेको । |
| ९ | रामग्राममा शौचालय, पार्किङ्ग लगायत पर्यटकीय सेवा सुविधा विस्तार (अन्य सार्वजनिक निर्माण) | ६००० | लागत अनुमान तयार भइरहेको । |
| १० | गुरुयोजना अनुसारको नर्थ पोण्ड, कोलोन्याड, सिम्बोलिक पेभिलियन (अन्य सार्वजनिक निर्माण) | २०००० | निर्माण कार्य सम्पन्न भएको, भुक्तानी हुन बाँकी रहेको । |
| ११ | कपिलवस्तुका पुरातात्विक क्षेत्र, देवदह, रामग्राम तथा सैनामैना क्षेत्रमा पुरातात्विक उत्खनन् तथा संरक्षण गर्ने (अन्य सार्वजनिक निर्माण) | ५००० | उत्खनन् तथा संरक्षण गरिने स्थान पहिचान गरी लागत अनुमान तयार भइरहेको । |
| १२ | गौतमबुद्ध फलफुल वाटीका निर्माण तथा सौंदर्यकरण गर्ने, ल्यान्डस्केप ।(अन्य सार्वजनिक निर्माण) | ११६००० | ठेक्का बन्दोबस्त भई कार्य चालु रहेको । |
| १३ | गुरुयोजना अनुसार निर्मित संरचनाहरु भवन, केन्द्रीय नहर लगायतका संरचनाहरुमा आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।(अन्य | १०००० | निर्मित संरचनाहरुको मर्मत सम्भार गर्नु पर्ने पहिचान गरी लागत अनुमान तयार भइरहेको |

# कार्यक्रम तथा आयोजनाहरुको संख्यात्मक विवरण (पहिलो चौमासिक प्रगति विवरण) :

चालु खर्च अन्तर्गतका कार्यक्रमहरु :

| क.सं. | कार्यक्रम | बजेट | प्रगती |
|---|---|---|---|
| १ | लुम्बिनी गुरुयोजना लगायत कपिलवस्तु, देवदह, रामग्रामका पुरातात्विक क्षेत्रहरुको सरसफाइ, सुरक्षा लगायतका कार्यहरु (सेवाकरार) | १०००० | नियमित कार्य चालु रहेको । |
| २ | प्राचीन कपिलवस्तु (तिलौराकोट) दरबार क्षेत्रलाई विश्वसम्पदा सूचिमा सूचिकृत गर्न Nomination Dossier को प्रकृया शुरु गर्ने (प्रचार प्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन र वितरण) | १०००० | प्रकृया शुरु गरिएको । |
| ३ | बृहत् लुम्बिनी गुरुयोजना तयार गर्ने (प्राधिकरण मार्फत) (अध्ययन/सर्भेक्षण/अनुसन्धान) | १०००० | गुरुयोजना निर्माण कार्य शुरु गरिएको । |
| ४ | बुद्ध जयन्ती तथा लुम्बनी दिवस कार्यक्रम मनाउने तथा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन आयोजना गर्ने (धार्मिक, | १०००० | तेस्रो चौमासिकमा कार्यक्रम आयोजना गरिने । |

## ५. कार्यक्रम तथा आयोजनाहरुको प्रगति कम हुनुका कारणहरु र समस्या समाधानका लागि भएका प्रयासहरु :

-कोभिड - १९ का कारण अपेक्षा गरे अनुरुप प्रगतिहरु हासिल हुन नसकेको ।

**समाधानका लागि भएका प्रयासहरु :**

- कोभिड-१९ महामारीमा समेत सुरक्षाका सबै मापदण्डरु अपनाई आयोजनाका कामहरु सूचारु गर्ने प्रयास गरिएको, केही ठूला ठेक्काका लागि आवश्यक सामाग्रीहरु चाइनाबाट यथाशीघ्र ल्याउन पहल गरिएकोले सामान आइ पुगी कार्य शुभारम्भ भइसको र केही समयावधि थप गरेर भए पनि लक्ष्यअनुरुप कार्य सम्पन्न हुने दिशामा अगाडि बढेको ।

## ६.आ.ब. २०७७।७८ को पहिलो चौमासिक सम्मको बेरुजुको अंक, फर्छ्यौट भएको बेरुजु प्रतिशत, बाँकी बेरुजु र फर्छ्यौटका लागि भएका प्रयासहरु :

फर्छ्यौट गर्नुपर्ने अंकः रु. २७ करोड ७७ लाख ३२ हजार,

फर्छ्यौट अंक : रु. ९३ लाख ११ हजार

बेरुजु प्रगति प्रतिशत : ३.४८

(क) कोभिड १९ का कारण पहिलो चौमासिक अवधिमा कार्ययोजना अनुसार बेरुजु फर्छ्यौट हुन नसकेको ।

(ख) चालु आ.ब. २०७७।७८ मा बेरुजु फर्छ्यौट सम्बन्धमा कार्ययोजना बनाई योजना अनुरुप बेरुजु फर्छ्यौट गरिने ।


# ७. आगामी MDAC मा छलफल हुनुपर्ने NDAC मा प्रस्ताव गर्नुपर्ने समस्या र समाधानका विकल्पहरु :

| क्र.सं. | आयोजना कार्यान्वयनमा देखिएका मुख्य मुख्य समस्याहरु | समस्या समाधानका लागि सुझाव | मविसस समिति (NDAC) मा प्रस्तुत गर्नुपर्ने देखिएका समस्याहरु |
|---|---|---|---|
| १. | लुम्बिनी गुरुयोजना ३ वर्षभित्र सम्पन्न गर्ने अनौपचारीक लक्ष्य निर्धारण गरिएता पनि आवश्यक बजेटको अभाव रहेको | बजेटको व्यवस्थापन हुन जरुरी | बजेटको व्यवस्थापन हुन जरुरी |
| २ | विगत २०६० सालदेखि कोषमा स्थायी पदपूर्ति नहुँदा आवश्यक दक्ष कर्मचारीको अभाव रहेको | समय सापेक्ष तयार गरिएको O&M यथाशिघ्र स्वीकृत गरि पदपुर्ति गर्नु पर्ने। | समय सापेक्ष तयार गरिएको O&M यथाशिघ्र स्वीकृत गरि पदपुर्ति गर्नका लागि आवश्यक सहयोग |
| ३ | शुरुका अवस्थाहरुमा भएका अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप श्रोत प्राप्त नभएको । | अन्तर्राष्ट्रियस्तरमा सम्पर्क विस्तारका लागि आवश्यक समन्वय । | अन्तर्राष्ट्रियस्तरमा सम्पर्क विस्तारका लागि आवश्यक समन्वय । |


## ८. मन्त्रालयबाट गरिएको अपेक्षा :

- नेपालको संविधान, २०७२ मा भएको व्यवस्था अनुसार संगठित संस्थाको पदपूर्तिको अधिकार श्री लोकसेवा आयोगलाई भएको हुँदा लोक सेवा आयोगको सामान्य सिद्घान्त २०७४ अनुसार कोषको कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली संशोधन सहित श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (सचिवस्तर) को मिति २०७६।०८।२३ को निर्णयनुसार सहमतिको लागि श्री लोक सेवा आयोगमा मन्त्रालय मार्फत पेश गरिएकोमा हाल सम्म सहमति प्राप्त नभएकाले आवश्यक पहलको अपेक्षा गरिएको छ।

- समय सापेक्ष लुम्बिनी विकास कोषको दरबन्दी बैज्ञानिक ढंले समयानुकूल बनाउनका लागि श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (सचिवस्तर) को निर्णयनुसार मन्त्रालयका सहसचिवको संयोजकत्वमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र लुम्बिनी विकास कोषको प्रतिनिधि सहित गठित कार्यदलले तयार गरेको कोषको व्यबस्थापन तथा संगठन संरचना (O&M) कोषको सर्वोच्च निकाय कोष परिषद्बाट स्वीकृत गरि मिति २०७७०२।२८ मा स्वीकृतीका लागि श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाईएकोले यथाशीघ्र स्वीकृतीको अपेक्षा गरिएको छ।


To BHAIRAHAWA
To TAULIHAWA
NEW LUMBINI VILLAGE
SHUTTLE BUS ROUTE
SHUTTLE BUS ROUTE
SHUTTLE BUS ROUTE
SHUTTLE BUS ROUTE
SHUTTLE BUS ROUTE
RIVER
HARHAWA RIVER
EAST MONASTIC ZONE
WEST MONASTIC ZONE
CENTRAL LINK
NEW TRACT
GHORAHA RIVER
STAFF COLONY
B.T.
B.T.
B.T.
B.T.
V.I.P.
G-01
G-02
G-03
G-04
G-05
G-06
G-07
G-08
G-09
G-##
N
0 100 200 300 400 600 800




अन्तर्राष्ट्रिय बौद्ध सभाहल र ध्यान केन्द्र लुम्बिनी, नेपाल
बुद्ध जन्मेको स्थल
light of Enlightment

# निर्माणाधीन ५ हजार व्यक्ति क्षमताको ध्यान केन्द्र तथा सभाहल




निर्माणाधीन ५ हजार व्यक्ति क्षमताको ध्यान
केन्द्रमा फल्स सिलिंगको काम शुरू भइसकेको
AI QUAD CAMERA



# निर्माणको अन्तिम चरणमा रहेको कोलनाडे बाहिरी दृष्य



# निर्माणको अन्तिम चरणमा रहेको कोलनाडेको भित्री दृष्य




फलफुल वाटीकाको एसेस Road निर्माण भइराखेको
REDMI NOTE 8 PRO
AI QUAD CAMERA



ENTRY GATE TO LMP

GATE OPTION 3

# xflb{s wGojfb !